नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुरको

परीक्षाफल प्रकाशन सम्बन्धी सूचना

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०७६ साल वैशाख/जेठ महिनामा सञ्चालन भएको कक्षा ११ को नियमित र आंशिक (ग्रेड वृद्धि र अङ्काङ्कन) परीक्षार्थीहरुको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०७६/०६/०७ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ । परीक्षाफलको विवरण निम्नानुसार रहेको छ ।

विवरण	नियमिततर्फ	आंशिक (ग्रेड वृद्धितर्फ)	आंशिक (अङ्काङ्कनतर्फ)	कूल जम्मा	कैफियत
सम्मिलित परीक्षार्थी संख्या	३,४९,६०३	१,४२,३४५	१७,१०४	**५,०९,०५२**	
परीक्षा रद्द गरिएको परीक्षार्थी सङ्ख्या	१८	११	२	३१	
परीक्षा स्थगित गरिएको परीक्षार्थी संख्या	-	-	-	-	
उत्तीर्ण परीक्षार्थी संख्या	-	-	७,१३२	-	आंशिक (अङ्काङ्कन) तर्फको मात्र
उत्तीर्ण प्रतिशत	-	-	४१.७०	-	

निम्न लिखित क्रमाङ्क भएका परीक्षार्थीहरुको चालु खण्डको सम्पूर्ण विषयको परीक्षाफल रद्द गरिएको छ :

10406738, 11501044, 11501114, 11503018, 11503705, 11705154, 12500924, 12704019, 14503380, 14602762, 14914931, 16300307, 16801093, 17200033, 17200099, 17200296, 17707370, 17709836, 21500905, 21701852, 24600477, 27105751, 32800003, 34600251, 34600521, 42700260, 52100505, 52700648

निम्न लिखित क्रमाङ्क भएका परीक्षार्थीहरुको यस वर्षको सम्पूर्ण विषय तथा थप एक वर्ष राष्ट्रिय परीक्षा बोर्डबाट सञ्चालन हुने कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी परीक्षाफल रद्द गरिएको छ :
27102125, 27102306, 27102669

परीक्षाफल सम्बन्धी जानकारी तपसिल बमोजिमको Website, SMS Service र IVR Service बाट प्राप्त गर्न सकिनेछ :

Website :-

१. राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np
२. नेपाल टेलिकमको website : www.neb.ntc.net.np
३. इयुजोनिक्स एजुकेशन प्रा.लि. को website : www.edusanjal.com
४. द कनेक्ट प्लस प्रा.लि., नागार्जुनको website : www.theconnectplus.com
५. कान्तिपुर डिजिटल कर्पोरेसन प्रा.लि. को website : www.ekantipur.com

SMS सेवा :-

१. नेपाल टेलिकमको १६०० मा SMS गर्ने तरिका : NEB <space> Symbol No. टाईप गरी **१६००** मा SMS गर्ने ।
२. जानकी टेक्नोलोजी प्रा. लि को **३५००१** मा SMS गर्ने तरिका : NEB <space> Symbol No. टाईप गरी **३५००१** मा SMS गर्ने ।
३. आकाश टेक प्रा. लि को **३१००३ मा** SMS गर्ने तरिका : NEB <space> Symbol No. टाईप गरी **३१००३** मा SMS गर्ने ।

IVR सेवा :-

१. नेपाल टेलिकमको १६०१ नम्बरमा डायल गरी प्राप्त निर्देशानुसार नतिजा प्राप्त गर्न सकिने छ ।

पुनश्चः-

१. प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्था:

क. अक्षराङ्कन पद्धतिबाट कक्षा ११ र १२ को परीक्षामा सहभागी भई दुवै कक्षामा प्रत्येक विषयका सैद्धान्तिक परीक्षामा कम्तिमा D^+ र प्रयोगात्मक परीक्षामा कम्तिमा C ग्रेड प्राप्त गर्ने परीक्षार्थीहरुलाई नतिजा प्रकाशन भएको मितिले १५ दिन पश्चात् मात्र ट्रान्सक्रिप्ट, माईग्रेसन र प्रोभिजनल (TMP) प्रमाणपत्र उपलब्ध गराइने छ ।

ख. कक्षा ११ र १२ उत्तीर्ण, रजिष्ट्रेशन नम्बरका शुरुका दुई अंक ७३ वा सोभन्दा कम भएका अङ्काङ्कन पद्धतिका विद्यार्थीहरुलाई ट्रान्सक्रिप्ट, माईग्रेसन र प्रोभिजनल (TMP) प्रमाणपत्रहरू नतिजा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन पछि मात्र उपलब्ध गराइनेछ । रजिष्ट्रेशन नं. का शुरुका दुई अंक ६८ वा सो भन्दा बढी भएका विद्यार्थीहरुको शैक्षिक योग्यताका प्रमाणपत्रहरु (TMP) राष्ट्रिय परीक्षा बोर्डका सम्बन्धित कार्यालयहरु (विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, धनगढी र काठमाण्डौं) बाट उपलब्ध गराइने छ ।

२. राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा ११ को परीक्षाफल प्रकाशन पश्चात् आफूले प्राप्त गरेको कुनै विषयको ग्रेड/अंकमा चित्त नबुझी पुनर्योग गर्न चाहने परीक्षार्थीले प्रति विषय रु. ५००।- (पाँच सय) का दरले दस्तुर बुझाई पुनर्योगका लागि ग्रेडसिट/मार्कसिट वा website बाट डाउनलोड गरेको ग्रेडसिट/मार्कसिट संलग्न गरी **मिति २०७६ असोज २८ गते**भित्र राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित कार्यालयहरु वा **राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर**मा आवेदन दिइसक्नु पर्नेछ ।

३. राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा ११ को परीक्षाफल प्रकाशनका क्रममा कुनै त्रुटि (स्थगित वा अनुपस्थित, विषय फरक पर्ने, नाम थर, रजिष्ट्रेशन नं. फरक पर्ने आदि) देखिएमा सम्बन्धित शाखा कार्यालयहरू **वा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा नतिजा प्रकाशन भएको मितिले** ६ महिनाभित्र आवश्यक कागजात सहित निवेदन पेश गर्न अनुरोध गरिन्छ । म्याद नाघी आएका र रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

४. नतिजामा प्राविधिक कारणले कुनै त्रुटि भएमा परीक्षा नियन्त्रण कार्यालयको अभिलेखबाट सच्याइने छ ।

- परीक्षा नियन्त्रक
मिति : २०७६/०६/०७